# समावेशीताले छुन नसकेका अपाङ्गताका सवालहरु ।

समावेशीता लोकतन्त्रको उदयपछि बढि प्रचलित शब्दहरू मध्येको एक शब्द हो । विकासको मुल प्रवाहीकरणमा जोडिन नसकेका र विभिन्न अवसरहरुबाट पछि परेका वा पारिएका वर्ग लिङ्ग वा समुदायहरुको अवस्थालाई माथि उकास्नु नै समावेशीताको मुल मर्म हो । यति भनिरहदा अझै पनि नेपालको संविधान जारी भएको एक दशक पुग्न लाग्दा पनि समावेशीताको सवालमा भने केहि वर्ग समुदायहरुले उहि समस्या भोग्नुपरिरहेको देखिन्छ । ति वर्ग समुदायमा सबैभन्दा अग्र स्थानमा रहेको वर्ग हो अपाङ्गता । अपाङ्गता भित्र पनि अझ आदीबासी जनजाति दलित र यौनिक तथा लैङ्गिक अल्पशंख्यकहरुका सवालहरु न त अपाङ्गता आन्दोलनकै दृष्टिमा पर्न सकेका छन् न त राज्यकै दृष्टिमा । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि युएनसिआरपिडिको धारा २ ले नै अन्य व्यक्तहिरु सरह समान आधारमा राजनितिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक वा अन्य क्षेत्रहरुमा सम्पूर्ण मानवअधकिार तथा आधारभूत स्वतन्त्रताहरुको स्वीकार्यता गर्नुपर्ने कुरामा जोड दिएको छ । त्यसैगरी उक्त महासन्धिको धारा २९ ले अपाङ्गता भएका



*- नबराज सोती, काठमाण्डौँ ।*

व्यक्तिहरु अन्य व्यक्ति सरह राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागि हुन सक्ने कुरा स्पष्ट रुपमा व्यवस्था गरेको छ । हाम्रो देश नेपाल पनि यसै महासन्धिको पक्षराष्ट्र हो । तर पक्षराष्ट्र भएता पनि नेपाली अपाङ्गता भएका व्यक्तिहरुले ति कुराहरुको प्रयाप्त रुपमा अझै पनि उपभोग गरिरहेको अवस्था भने छैन । अपाङ्गता भएका व्यक्तिहरु अपाङ्गताकै कारणले समाजका विभिन्न अवसरहरुबाट वन्चित हुने, नीति निर्माण तहमा न्युन प्रतिनिधित्व, रोजगारीका अवसरहरुबाट वन्चितिकरण लगायतका समस्याहरु भोगिरहेका छन् । यति मात्र हैन अझ विभिन्न

रुढिबादी सोच, गलत परम्परागत बुझाई आदिका कारण दलित अपाङ्गता भएका व्यक्तिहरुले अन्य व्यक्तिहरुको तुलनामा दोहोरो विभेदको सामना गरिरहनुपरेको अवस्था छ । दलित अपाङ्गता भएका व्यक्तिहरु न त नीति निर्माण तहमा पुग्न त्यति सहज अवस्था छ भने न त अरु कुनै समावेशीता वा सामाजिक न्यायको सन्दर्भमा अगाडि देखिन्छन् । यति मात्र हैन यो समुदायका नागरिकहरुले शिक्षा स्वास्थ जस्ता आधारभूत आवश्यकताहरुबाट पनि वन्चित हुनुपर्ने अवस्था छ । अपाङ्गता आफैमा पनि गरिबिसँग जोडिएको विषय हो भने त्यसमा अझ दलित समुदायका नागरिकहरु त झन् गरिबिको चपेटामा परेको सर्वविधितै छ । यस सन्दर्भमा कुरा गर्दा नेपालमा दलित अपाङ्गता भएका व्यक्तिहरुको संस्था – नेपालले केहि वकालत पैरवीका कार्यक्रमहरु गरिरहेको पाइन्छ । यसै सस्थाका अध्यक्षसँग समावेशीताको विषयमा बुझ्दा उहाँले राख्नुभएको छोटो भनाइ यस प्रकार छ ।

**पम्फा पुर्कोटी, अध्यक्ष, दलित अपाङ्गता भएका व्यक्तिहरुको संस्था - नेपाल (डिडान)**



**तस्बिर स्रोत:- नबराज सोती ।**

*“अब समावेशीताको कुरा गर्ने हो भने दलित अपाङ्गता भएका व्यक्तिहरू अझै पनि माईनोरिटीमा परेका छन् । सबै भन्दा पिँधमा परेको वर्ग भनेर भन्न चाहन्छु । जस्तै दलित समुदाय भित्र पनि अझै अपाङ्गता भएका व्यक्ति भन्दाखेरि अहिले भर्खरै भर्खरै मात्र समावेशीताको कुरा आउँदै गरेको देखिन्छ । दलित अपाङ्गता भएका व्यक्तिहरूको हकमा कस्तो सहभागिता गराउँछ अथवा अर्थपूर्ण सहभागिता प्रतिनिधित्व कस्तो गराउँछ भन्ने कुरालाई हेर्ने हो भने शून्य सरह छ । अझै पनि दलित अपाङ्गता भएका व्यक्तिहरू त्यो स्थानमा आउन सकेका छैनन् । पहुँचमा आउन सकेका छैनन् । उहाँहरूको प्रतिनिधित्व अझै पनि सुनिश्चितता भएको छैन । कानुनले व्याख्या गर्ने क्रममा पनि पहिचान छैन । अपाङ्गताको चार सय भन्दा बढी*

*संघससस्थाहरु छन् तर ति कुनैमा पनि दलित अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता देखिदैन । त्यो भनेको हाम्रो प्रतिनिधित्वलाई स्वीकार गर्न नसकेको अवस्थाहरू हो । अब राष्ट्रिय अपाङ्ग महासङ्घको आफ्नै नीतिमा पनि अपाङ्गता भित्र दलित भनेर छ तर त्यहाँ दलित अपाङ्गता भएका व्यक्तिहरुको आवाज बलियो रुपमा उठाउन सक्ने व्यक्तिहरू हुनुहुन्न । त्यस कारण त्यो ठाउँमा भएको व्यक्तिले पक्कै पनि दलित अपाङ्गता भएको व्यक्तिको मुद्दा बोल्छ कि बोल्दैन भन्ने कुराले पनि ठुलो महत्त्व राख्छ । त्यही भएर हामीले समावेशीताको आरक्षण व्यवस्थापन गर्ने हिसाबले मात्रै व्यक्तिलाई राख्नु भन्दा पनि समुदायको हक अधिकारका लागि आवाज उठाउने व्यक्तिहरु ल्याउन सकियो वा भनौ नीतिहरुमा पनि दलित अपाङ्गता भएको व्यक्ति भनेर राखियो भने प्रभावकारी हुन्छ जस्तो लाग्छ ।"*

दलित पछि आउने अर्को समुदाय हो आदीबासी जनजाती । हुन त राज्यभित्रका सबैले आ –आफ्नो भिन्न धर्म, संस्कृति, रितिरिवाज, परम्परा, भाषा, रहनसहन तथा आस्था आदिको पहिचानलाई कायम राख्दै विना भेदभाव राज्य प्रणालीमा सहभागी हुन पाउने मान्यता नै समावेशीता हो  तर यस सवालमा भने आदीबासी जनजाति अपाङ्गता भएका व्यक्तिहरुको समावेशीता हुन नसकिरहेको अवस्था छ । संविधानका उल्लेखित प्रावधानहरुको कार्यान्वयन नहुदा आदीबासी जनजाति अपाङ्गता भएका व्यक्तिहरुले आफ्नो हक अधिकारबाट वन्चित हुनुपरेको विडम्वना छ । भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी आदिवासी जनजाति समुदायभित्र रहेका कुरीति, अन्धविश्वास र शोषणको अन्त्य गर्नु आजको आवश्यकता देखिएको छ भने त्यस भित्र अझ अपाङ्गता भएका व्यक्तिहरुलाई पनि समावेश गरेर उनीहरुका सवाललाई थप प्राथमिकिकरण गरेर विकास निर्माणको अभियानमा जोड्नुपर्दछ । तर वास्तविकतामा भने त्यसो हुन नसकिरहेको राष्ट्रिय आदीवासी जनजाती अपाङ्ग महिला संघ नेपालका अध्यक्ष प्रतिमा गुरुङ बताउनुहुन्छ ।

## प्रतिमा गुरुङ, अध्यक्ष, राष्ट्रिय आदीवासी जनजाती अपाङ्ग महिला संघ नेपाल ।



तस्बिर स्रोत:- नबराज सोती ।

*"अपाङ्गता भएका व्यक्तिको विविधतालाई कुरा गर्दा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि UNCRPD को धारा ६ मा स्पष्ट रूपमा उल्लेख गरेको छ । नेपाल जस्तो देशमा जहाँ बहु जातीय बहुभाषिक बहु धार्मिक र विभिन्न बहुल पहिचानका व्यक्तिहरू भित्रमा पनि अपाङ्गता भएका व्यक्तिहरु जो बहु पहिचान, लिङ्ग, भूगोल, सामाजिक सांस्कृतिक आस्थाको आधारमा रहेको भएर हामीले अपाङ्गता भएका व्यक्तिहरूको महासन्धिलाई नै टेकेर अपाङ्गता भित्रको विविधतामा अपाङ्गता भएको आदिवासी जनजाति र अपाङ्गता भएको आदिवासी जनजातिको महिलाको सवाललाई मूल प्रवाहीकरण गर्न र समावेशीकरण गर्न पर्छ भनेर आवाज उठाइरहेका छौँ । अपाङ्गता भएका व्यक्तिहरूको संघ संस्था आदिवासी जनजातिको संघ संस्था र महिला सम्बन्धीको संघ संस्थालाई कसरी मानव विविधताको सवाललाई यो ईन्टरसेक्सनल अवधारणाबाट मूल प्रवाहीकरण गर्न सकिन्छ भनेर हामीले अन्तर्राष्ट्रिय तह हुँदै क्षेत्रीय र राष्ट्रिय तहसम्म यो विषयहरूलाई उठाउँदै आएका छौँ । अब आउने नीति कार्यक्रमहरूमा सबै सरोकारवाला निकायहरू सरकार वा सेवा प्रदायक सस्थाहरु जो भए पनि यो विविधतालाई सम्मान गर्दै यो विविधताको लागि काम गर्नको लागि आव्हान गर्न चाहन्छु ।"*

समावेशीताकै विषयमा थप गहिराईमा जादा अझै सबैभन्दा नजरअन्दाज गरिएको वर्ग अपाङ्गता भएका यौनिक तथा लैङ्गिक अल्पशंख्यहरुको भेटियो । यो वर्गलाई न त अपाङ्गताकै मुल मुद्दामा समावेश गरिएको देखिन्छ न त यौनिक तथा लैङ्गिक अल्पशंख्यकहरुकै मुल मुद्दामा उहाँहरुको प्रतिनिधित्व भएको पाइन्छ । अपाङ्गता र यौनिक तथा लैङ्गिक अल्पशंख्यकहरुको सवाल त अझ अरुको तुलनामा सबैभन्दा बढि समावेश र सम्बोधन गर्नुपर्ने सवाल हो विडम्वना त्यसो नभएर उहाँहरुका सवाललाई अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन २०७४ मा पनि कुनै सम्बोधन नभएको अवस्था छ । समाजमा आज यदी कोहि अस्वीकार्यता र अपहेलित वर्ग समुदाय छ भने त्यो यौनिक तथा लैङ्गिक अल्पशंख्यक समुदाय नै हो भन्दा फरक पर्दैन । मानव भएर जन्मेपछि न्युनतम मानव अधिकारबाट समेत वन्चित भएर यौनिक तथा लैङ्गिक अल्पशंख्यक समुदायका नागरिकहरु निकै कष्टकर जीवन बेतत गर्न बाध्य छन् । अझ त्यसमा पनि अपाङ्गता जोडिसकेपछि त झन् उनीहरुको अवस्था कस्तो होला सहजै कल्पना गर्न सकिन्छ तर यति हुँदाहुँदै पनि अपाङ्गता भएका यौनिक तथा लैङ्गिक अल्पशंख्यक समुदायहरुले भने आफ्नै अपाङ्गता र यौनिक तथा लैङ्गिक अल्पशंख्यक समुदायबाट समेत स्वीकार्यता पाउन सकिरहेको अवस्था छैन । आफ्नै समुदायबाट पनि समावेशीकरणको मुद्दामा समाहित हुन नपाएकाले उनीहरुका सवालहरु पनि ज्यादै पछाडि परेको अवस्था छ । राज्य तहका संरचनामा त उनीहरुको समावेश हुने अवस्था हाललाई कल्पना बाहिर जस्तो भएको छ । यो आफैमा गम्भिर अवस्था हो । समाजमा यस्तै वर्ग समुदायको समावेशीता सामाजिक न्यायको लागि निकै लामो संघर्ष गरेका राजनितिक दल देखि नेताहरु पनि यस्ता विषयमा खासै बोलेको देखिदैन । ***त्यसैले त आज पनि यो समुदायका नागरिकहरुलाई न त संविधानले छोएको छ न त लोकतन्त्रको मुल मन्त्र समावेशीताले नै ।*** अपाङ्गता भएका यौनिक तथा लैङ्गिक अल्पशंख्यकहरुको सवालमा कार्य गर्ने सस्था इन्द्रेणी अपाङ्गता नेपालका अध्यक्ष आदित्य राईका अनुसार अहिलेको उहाँहरुको लडाइ मुलत समावेशीताको लागि आफ्नै वर्गहरुसँग रहेको छ ।

## आदित्य राई अध्यक्ष इन्द्रेणी अपाङ्गता नेपाल ।



तस्बिर स्रोत:- नबराज सोती ।

*" समावेशीताको विषयमा कुरा गर्दा म जस्तो अपाङ्गता र यौनिक तथा लैङ्गिक अल्पशंख्यक व्यक्तिहरू धैरै नै पछाडि परेको अवस्था छ । LGBTIQ समुदाय जो अपाङ्गता समुदायमा पर्दैनन् उहाँहरूले म जस्तो व्यक्ति जो अपाङ्गता र LGBTIQ को पहिचान बोकेको छ यो विषयमा उहाँहरू जानकार नै छैनन् । यस कारणले हामी विशेष र फरक छौँ जस्तो लाग्छ । म खुलेको १०/१२ वर्ष भइसक्यो । मैले मेरो समुदायको लागि आवाज उठाइरदा हामीलाई कहि कतै पनि समावेश गरेको महसुस गर्न पाएको छैन । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐनमा पनि हाम्रा सवालहरु कहि पनि समावेश छैनन् । नेपालको संविधानले हाम्रो विषयहरू बोलेको छैन । जनताको संविधान भनिरहदा के अपाङ्गता र यौनिक तथा लैङ्गिक अल्पशंखयक व्यक्तिहरु यो देशका नागरिक हैनन् र ? यति हुदाँहुदै पनि मेरो लडाई अहिले मेरै समुदायसँग छ । अहिलेको लागि मेरो लडाई सरकार वा समाज होइन । LGBTIQ र अपाङ्गताको मुल आन्दोलनमा हामी समावेश हुन पाउनुपर्छ भन्ने मेरो बुझाई हो । मैले अपाङ्गता र यौनिक तथा लैङ्गिक पहिचान बोकेको छु भने मलाई वा मेरो जस्तो अवस्था भएका अरु नागरिकहरुको भोगाइ कति जटिल र संवेदनशिल होला यो त सहजै अनुमान लाउन सक्ने कुरा हो नि तर पनि किन यस्तै समावेशीता र सामाजिक न्यायको सवालमा कार्य गर्ने संघ सस्थाहरु र अधिकारकर्मीहरु हामीलाई समावेश गर्न तयार हुदैन? यसर्थ मेरो पहिलो लडाई आफ्नो समुदायसँग समावेशीताको लागि छ । म चाहन्छु जब यो वर्गका सवालहरु स्वीकारिन्छ अनि मात्र राज्य र यो समाजलाई हामीले चेतना फैलाउन सक्छौँ र सम्मानित एवम् मर्यादिन जीवन जिउन सकछौँ"*

समावेशीताको सवालमा समग्र अपाङ्गता भएका प्रकारका अपाङ्गता भएका व्यक्तिहरु अन्यायमा छन नै त्यसमा सर्वप्रथम बहिरा अपाङ्गता भएका व्यक्तिहरुको समावेशीता र सामाजिक न्यायको कुरा आउछ । शैक्षिक सस्थाहरुमा सांकेतिक भाषा दोभाषेको अभाव हुँदा संविधानको मौलिक हकबाट समेत यो समुदायका नागरिकहरु वन्चित छन् जसले उनीहरुको क्षमता र व्यक्तित्व विकासको कुरालाई बाधा पुर्याएको छ । यसै कारणले होला निजामति कर्मचारीहरुमा अपाङ्गताको आरक्षण हुँदा समेत यो समुदायको प्रतिनिधित्व अपवाद बाहेक छैन जस्तो अवस्थामा छ । यति मात्र हैन पछिल्लो समय गण्डकी प्रदेशमा एक जना बहिरा महिला प्रदेशसभाको सदस्य हुने बाहेक राज्यका संरचनामा बहिरा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता र प्रतिनिधित्वको अवस्था लगभव छैन भन्दा फरक नपर्ने स्थितिमा छ । बहिरा समुदायको हक हितका लागि आवाज उठाउने अधिकारकर्मीहरुका अनुसार यसो हुनुमा मुलत उनीहरुको शिक्षामा पहुँच नहुनु नै देखिन्छ । यस विषयमा राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष केसीको धारणा पनि शिक्षाकै विषयलाई प्राथमिकता दिनुपर्ने आशयको छ ।

**सन्तोष केसी अध्यक्ष राष्ट्रिय बहिरा महासंघ नेपाल ।**

*"नेपालमा बहिरा समुदायहरूको समावेशीताको अवस्था न्युन अवस्थामा छ । मुख्य कारण भन्नु पर्दा नेपालमा बहिरा बालबालिकाहरूको लागि चाहिने गुणस्तरीय शिक्षाको कमी रहेको छ । नेपाली साङ्केतिक भाषा दोभाषे पनि कम रहेको अवस्था पनि अर्को मुख्य कारण पनि हो । अहिले नेपालको शिक्षा प्रणाली बहिरा मैत्री बन्न सकेको अवस्था छैन । साङ्केतिक भाषामा पनि चार हजार सात सय शब्दहरू मात्रै बनाइएको छ । त्यति शब्दले कलेज सम्म पढ्न पुग्छ त ? अवस्य पुग्दैन । हो यसर्थ प्रमुख समस्या यहि हो । साङ्केतिक भाषाको शब्दहरू कम भएको कारणले बहिरा बालबालिकाहरूको गुणस्तरीय शिक्षा पाउने अवसर पुरा हुन सकेको छैन । त्यस कारण शिक्षा राम्रो पाउन नसक्दा उहाँहरूको क्षमता विकास र नेतृत्व पनि उत्पादन गर्न नसक्ने अवस्थामा पुगेको छ । अर्को कुरा बहिरा युवाहरू जो शिक्षित हुनुहुन्छ र उहाँहरुको नेतृत्व क्षमता पनि छ तर सहभागिता भने निकै कम छ । किन कम भयो त भन्दा नेपालमा दोभाषे उत्पादन कमी भएको छ । दोभाषे उत्पादन भए पनि दोभाषेहरूको लागि चाहिने पेशागत विकास र*

*अवसर नहुनाले तालिम सिक्दा दोभाषेहरू पनि बाहिर जाने पेशा छोड्ने अवस्था आएको छ । अहिले सरकारी कार्यालयमा हेर्ने हो भने नेपालमा निजामती कर्मचारीमा अपाङ्गता भएका व्यक्तिहरूको लागि सरकारले ५ प्रतिशत आरक्षण गरेको छ । तर पनि त्यसमा बहिरा व्यक्तिहरूले अन्य अपाङ्गता भएका व्यक्तिहरूसँग प्रतिस्पर्धा गर्न सकेको अवस्था छैन । किनकि मुख्य समस्या भनेकै बहिरा मैत्री गुणस्तरीय शिक्षाकै विषय आउँछ । त्यसको लागि सरकारले पनि नेपाली साङ्केतिक भाषा शब्दहरूको विकास गर्नु पर्यो । दोभाषे उत्पादनमा जोड दिनु पर्यो । पढाई सकेका युवाहरूको लागि नेतृत्व क्षमता विकास तालिम*



**तस्बिर स्रोत:- नबराज सोती ।**

*सञ्चालन गर्नु पर्यो । उहाँहरूलाई अगाडि नेतृत्वमा आउनको लागि अवसर पनि प्रदान गर्नु पर्ने देखिन्छ ।*

अन्त्यमा पछाडी पारिएका वर्ग, समुदाय, क्षेत्र र लिङ्गका मानिसहरूलाई मूलधारमा ल्याउन आरक्षण, अग्रअधिकार र सकारात्मक विभेदको प्रयोग गरी समावेश गरिने प्रक्रियालाई समावेशीकरण भनिन्छ । यसो भनिरहदा आज पनि हामीले सबैभन्दा पछाडि पारिएको र मुलधारमा जोडिन नसकेको वर्गको कुरा गर्नपर्दा अपाङ्गताकै वर्ग अग्र स्थानमा आउछ । यति कुरा गर्दा राज्य तह तथा विभिन्न गैरसरकारी निकायहरुबाट भएका सकारात्मक प्रयासहरु प्रति त अपाङ्गता समुदाय धन्य नै छ तर मुलत जुन रुपमा जे परिणाम प्राप्त हुनु पर्ने हो त्यो चाहि हालसम्म पनि प्राप्त नहुनु दुखद कुरा हो । अपाङ्गता भएका व्यक्तिहरु समान सहभागिता र प्रतिनिधित्व हुन नसक्दा न त हामी दिगो विकासको लक्ष्यहरु नै हासिल गर्न सक्छौँ न त सरकारले लिएको राष्ट्रिय आकाशांहरु नै । यसर्थ पनि जसको सवाल त्यसैको नेतृत्वको अवधारणालाई आत्मसाथ गर्दै अपाङ्गता भएका नागरिकहरुको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वको लागि सबै सम्बन्धित सरोकारवालाहरु एक ठाउँमा नआइ सुख्खै छैन ।

यो सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव बनेको हो । यस सामग्री भित्रका विषयवस्तु नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।